# जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत नीति, कार्यक्रम तथा बजेट

## सम्बोधन

नगर सभाका अध्यक्ष ज्यू सभामा पेश गरेको मितिः२०७९।०३।१०

नगरसभाका सदस्य ज्यूहरु

दातृ निकाय,

कर्मचारी वर्ग

अन्य उपस्थित महानुभाव ज्यू

जयपृथ्वी नगरपालिकाको उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगर सभामा आगामी आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु । यसै अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । जनआन्दोलको क्रममा घाइते तथा बेपत्ता भएका नागरिकहरुको सम्मान गर्दै राजनीतिक परिवर्तनका लागि युगान्तकारी नेतृत्व निर्वाह गर्ने राजनीतिक अग्रज शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

## खण्ड-१

## परिचय र समिक्षा

### १.१. पृष्ठभूमी :

नेपालसरकार मन्त्रीपरिषद्को मिति २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका ६ वटा गा.वि.स.हरु चैनपुर, रिठापाटा, सुवेडा, हेमन्तवाडा, लुयाँटा र कैलासलाई मिलाएर जयपृथ्वी नगरपालिकाको गठन गरिएको हो । यस भूमिमा जन्मिएका मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहले पुऱ्याउनु भएको योगदानलाई सम्मान गर्दै उहाँको नाममा यस नगरपालिकाको नामाकरण गरिएको हो । जम्मा १६६.७९ वर्ग कि.मी. क्षेत्रफल रहेको यस न.पा.को जनघनत्व १३२.४७ प्रति वर्ग कि.मी. रहेको छ ।

### १.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समिक्षा :

अध्यक्ष महोदय,

अव म यस जयपृथ्वी नगरपालिकाको चालु आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. २०७८/०७९ मा राजश्व बाँडफाँड तर्फ संघ र प्रदेशबाट रु. ८ करोड ८ लाख ५३ हजार संशोधन गरिएकोमा जेष्ठ मसान्त सम्म रु. ६ करोड ७३ लाख ३४ हजार ९ सय ७३ खर्च भएको छ । सशर्त तर्फ संघ र प्रदेशबाट रु. ३० करोड १८ लाख ३४ हजार संशोधन गरिएकोमा जेष्ठ मसान्त सम्म रु. २० करोड ४लाख ३९ हजार ७९ खर्च भई ६६.४ प्रतिशत प्रगति भएको छ । समानिकरण अनुदान तर्फ संघ र प्रदेश सरकारबाट रु. १४ करोड २१ लाख ६० हजार संशोधित अनुमान रहेकोमा जेष्ठ मसान्त सम्म रु. १० करोड १८ लाख २५ हजार ४ सय ३२ खर्च भई ७१.६२ प्रतिशत प्रगति रहेकोछ । विशेष अनुदान संघ तर्फ रु. ५०लाख विनीयोजन गरिएकोमा खर्च नभएको । प्रदेश सरकारबाट विशेष अनुदान रु. ५० लाख विनीयोजन गरिएकोमा रु. १३ लाख ५९ हजार २ सय ८९ खर्च भएको छ । त्यसै गरी समपुरक अनुदान तर्फ संघ र प्रदेश बाट रु. १ करोड ७४ लाख ३४ हजार प्राप्त भई रु. ३९ लाख १६ हजार ८० खर्च भएको छ ।

आन्तरिक आय तर्फ रु. ९३ लाख ३३ हजार अनुमान गरिएकोमा यस आ.व.को जेष्ठ मसान्त सम्म रु. ६४ लाख ६६ हजार ४ सय ११ आम्दानी भई ६९.२८ प्रतिशत प्रगति भएको छ । सामाजिक सुरक्षा कार्यक्रम रु. ८ करोड ७५ लाख ४९ हजार ४ सय ८० संशोधित अनुमान गएिकोमा रु. ६ करोड ९६ लाख १८ हजार ७ सय २९ प्राप्त भई तेश्रो त्रैमासिक अवधि सम्म सो रकम खर्च भएको छ । अधिकांश योजनाहरुको कार्य सम्पन्नको अन्तिम चरणमा रहेकाले भुक्तानी हुन बाँकी भई कम प्रगति देखिएता पनि यस आ.व. को अन्तिम सम्ममा पुंजिगत खर्च ८० प्रतिशत भन्दा बढी हुने अनुमान गरिएको छ ।

चालु आ.व. २०७८/०७९ मा लिइएका नीति तथा कार्यक्रम अनुसार केही नीतिहरु कार्यान्वयन भई सकेका छन भने केहि नीतिहरु कार्यान्वयनको क्रममा रहेका छन ।

समग्रमा सामाजिक आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको बजेट र सशर्त अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०७९/०८० को सोच, लक्ष्य, उद्देश्य र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सोच :**

"समृद्ध जयपृथ्वी नगरपालिका निर्माणको मूल आधार, दिगो कृषि, पर्यटन, व्यापार र उत्थानशिल पूर्वाधार"

**लक्ष्य :**

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, सामाजिक, भौतिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने ।

**उद्देश्य :**

१ सबै प्रकारका रोग र विपदबाट नगरवासीहरुको जीवन रक्षा गर्दै स्थानीय जनजीवनलाई सहज र सुरक्षित बनाउनु ।

२ नगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।

३ गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँच तथा समता मुलक सहभागिताको सुनिश्चित गर्नु ।

४ प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी पूर्वाधार विकासलाई पूर्णता दिनु ।

५ वातावरण/जैविक विविधताको संरक्षण गर्दै विपद व्यवस्थापन र जलवायु परिवर्तनका असरहरु न्यूनिकरण गर्नु ।

६ सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।

७ कृषि तथा पशुपालन क्षेत्रको व्यवसायिकरण गरी स्वरोजगार सिर्जना गर्नु ।

८ उपलब्ध श्रोत साधनको प्रयोग गरी विकासको गतिलाई निरन्तरता दिनु ।

**प्राथमिकीकरण :**

१) स्वास्थ्य, सरसफाई र शिक्षा

२) कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तार

३) पूर्वाधार निर्माण

४) वन वातावरण तथा विपद व्यवस्थापन

५) प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड

**आधारहरु :**

१) नेपालको संविधान, २०७२

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

४) पन्ध्रौं योजना

५) दिगो विकासका लक्ष्यहरु
६) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५
७) संघीय सरकारको आ.व. २०७९/०८० को वजेट, नीति तथा कार्यक्रम
८) सुदूरपश्चिम प्रदेशको आ.व. २०७९/०८० को वजेट, नीति तथा कार्यक्रम
९) जयपृथ्वी नगरपालिकाको आवधिक नगर विकास योजना
१०) संघ र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
११)उपलब्ध श्रोत तथा  साधनहरु
१२)जनताका माग तथा आवश्यकताहरु

**दीर्घकालिन नीतिहरु :**

१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित ल्याण्ड फिल साईट, व्यवस्थित बसपार्क, सडक वत्ती, कवर्ड हल, फराकिलो खेलमैदान जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना बनाई कार्यान्वयनमा ल्याईने छ ।

२) नगरपालिकालाई अध्यारो मुक्त गर्न राष्ट्रिय विद्युत प्रशारण लाईनलाई ११ वटै वडामा पुऱ्याउन पहल गरिने छ ।

३) नगरपालिका भित्रका सडकहरु कालोपत्रे गर्नकोलागी आवश्यक पहल गरिने छ ।

**क्षेत्रगत नीतिहरुः**

**१) आर्थिक विकास :**

क) कृषि तथा पशुपालन

- प्रत्येक वडामा कम्तिमा एउटा वहुउद्देश्यीय नर्सरी स्थापना गरी फलफुल तथा तरकारीका विरुवामा आत्मनिर्भर बनाई निर्यात गर्ने नीति लिइएको छ ।
- कृषि बस्तु उत्पादन अभिबृद्धि गर्न कृषि जन्य वस्तुको व्यवसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिचाई सुविधा लगायतका आवश्यक पूर्वाधारहरुको पहुँच बढाईने छ ।
- उन्नत प्रविधि (थ्रेसिंग मेशिन आदी) मा सुलभ कृषि कर्जाको व्यवस्थापन गरिने छ ।
- कृषिमा आधुनिकीकरणका लागि आवश्यक कृषि औजारको व्यवस्था गरिने छ ।
- कृषि उपज उत्पादन, प्रसोधन, भण्डार एवं वितरण प्रणालिमा नयाँ प्रविधिको विकासको अनुसरण अवलम्वन र आधुनिकीकरण गरिने छ ।
- प्रांगारिक खेतीलाई प्रोत्साहित गरि उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइने छ ।
- लोपोन्मुख तथा  रैथाने वीउविजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिने छ ।
- वालीनालीमा लाग्ने रोग किराहरुको पहिचान गरी सो को रोकथाम तथा नियन्त्रणको लागि कार्यक्रम संचालन गरिनेछ ।
- बाझो रहेका जग्गाहरुलाई खेती योग्य बनाउन कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
- एक टोल एक उत्पादन कार्यक्रम संचालन गर्न सम्भावित वाली वस्तुको लागि सम्भावित टोल पहिचान गरी कार्यक्रम गरिने छ ।

- उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज संकलन तथा भण्डारण  केन्द्रको स्थापना गरिने छ ।
- आगामी २ बर्ष फलफुल बर्षको रुपमा मनाउन फलफुल बगैचा र निजी नर्सरी स्थापना गर्न सहयोग गर्ने नीति लिइने छ ।
- स्थानीय संस्थाहरु संगको साझेदारीमा कृषि उद्यमशिलता बिकासको लागि लागतमा आधारित कार्यक्रम गर्ने नीति अवलम्वन गरिने छ ।
- बाँझो तथा सार्वजनिक जमिनको पहिचान गरी भूमीहिन तथा श्रमीकहरुलाई सामुहिक खेती गर्न प्रोत्साहन गरिने छ ।
- बिशेष प्रजातिका विउवीजन बाहेक अन्य विउवीजन आफ्नै नगरपालिकामा बिकास गरी बितरण गर्ने नीति लिइने छ ।
- प्रत्येक वडामा १ जना कृषी र १ जना भेटेरीनरी जे टी ए खटाई सेवा उपलब्ध गराउने नीति अख्तियार गरिने छ ।
- लोकल कुखुरा उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
- पशुवाट मानिसमा सर्ने रोगहरुको अध्ययन अनुसन्धान गरिने छ ।
- चल्ला उत्पादन गर्ने ह्याचरीको अध्ययन सर्वेक्षण गरीने छ ।
- नगरपालिकाले गाई फार्म हाउस, भैसी फार्म हाउस, बाखा र बंगुरफार्म हाउस स्थापना गर्ने नीति लिईने छ ।
- राष्टिय धान दिबस, बिश्व खाध्य दिवस लगायत राष्ट्रिय अन्तराष्ट्रिय दिवस मनाईने छ ।
- माटो अनुसार वाली लगाई कृषकहरुको उत्पादनमा बृद्धि गरी आयआर्जन गर्न प्रत्येक बर्ष माटो परिक्षण शिविरको कार्यक्रम संचालन गरिने छ ।
- सहकारी र कृषक समुहबाट सामुहिक खेती गरी समुहको आय स्तर माथि उकास्ने नीति लिइने छ ।
- विभिन्न संक्रामक रोग विरुद्ध पशुपंक्षीहरुलाई समय समयमा खोप तथा औषधीको व्यवस्था गरी पशुपंक्षीमा देखिने रोगहरुको न्यूनीकरण गरी पशुपंक्षीजन्य उत्पादन बढाउने नीति लिइने छ ।
- पशुपालन हुने वडाहरुमा बहुबर्षे डाले घाँसको विकास गरी पशु पंक्षीमा हुने जोखिमको न्यूनीकरण गरिने छ ।
- युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र वेरोजगार युवाहरुलाई पशुपंक्षी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिने छ ।
- विपन्न परिवारलाई पशुपंक्षी पालनका लागि प्रोत्साहन कार्यक्रमहरु संचालन गरिने छ ।
- रेविज नियन्त्रणका लागी छाडा कुकुरको बन्ध्याकरण गर्ने नीति लिइने छ ।

- पशु पालन व्यवसायलाई विस्तार गर्न उन्नत जातका बोका, बाख्रा जस्ता व्यवसायलाई प्राथमिकता दिइने छ।
- मासु पसलको अनुगमन गरी स्वस्थ मासु बितरण गर्ने नीति लिइने छ।
- किसानको लागि मल, बीउ ढुवानी अनुदानलाई निरन्तरता दिइने छ।
- स्थानीय पशु नश्ल सुधारमा अनुदान दिइने छ।
- प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिने छ।
- युवा लक्षित कार्यक्रमलाई विशेष जोड दिइने छ।
- नगर क्षेत्रका विभिन्न पकेटहरुमा उत्पादित तरकारीजन्य कृषि उपजको बजार लागत कम गरी वाह्य जिल्लाबाट आयात हुने तरकारी सँग प्रतिस्पर्धा गराउन नगर क्षेत्रमा कृषि एम्बुलेन्स सेवा संचालन गर्ने नीति अवलम्बन गरिने छ।
- कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई सहजै बजार प्रवेश गराउन, बजार सूचना प्रवाह गर्न तथा कृषक र उपभोक्ता वीच बर्षौ देखि अवरोधिहरुको भूमीका खेलि रहेका विचौलियाहरुको प्रत्यक्ष हस्तक्षेप कम गर्न कृषि उपज बजारीकरणका लागि कृषि व्यवसाय प्रबर्द्धन नीति बनाई कार्यान्वयन गरिने छ।
- मौसमी रुपमा उत्पादन हुने कृषि उपजलाई संरक्षित गर्दै कम उत्पादन हुने समयमा बजारीकरण गरी कृषक र उपभोक्ता दुबैका लागि लाभ पुऱ्याउन शित भण्डारको आवश्यकता भएकाले DPR तयार गरी सम्बन्धित निकायमा मागको लागि पहल गरिने छ।
- पोल्टी फार्म हाउसको स्थापना गर्ने नीति अवलम्वन गरीने छ।

**ख) उद्योग तथा वाणिज्य**

- स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगहरुको स्थापना गरी बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई आत्म निर्भर बनाउने कार्यक्रमहरु संचालन गरिने छ।
- नगरपालिका भित्र उपलब्ध खनिज पदार्थ तथा खानीको खोज अनुसन्धान गरी उत्खनन्नलाई प्राथमिकता दिइने नीति लिइएको छ।
- प्रत्येक वडामा नयाँ उद्यमी सृजना गर्ने र उद्यमीको स्तर उन्नती गर्दै लैजाने नीति लिइएको छ।
- नगरपालिका क्षेत्र भित्र रहेका वेरोजगार युवाहरुको तथ्यांक संकलन गरी मेडपा मोडेलमा रही केही वेरोजगार युवाहरुलाई सीप विकास तालिम संचालन गरिने छ।
- स्थानीय श्रोतमा आधारित हस्तकला उद्योगहरुको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिने छ।
- साना घरेलु तथा मझौला उद्योगहरुलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरुको उत्पादनलाई प्राथमिकता दिइने छ।
- तुलनात्मक लाभका वस्तुहरुको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकाय सँग समन्वय र सहकार्य गरिने छ।

- प्रशोधीत पानी उद्योग स्थापना गर्ने नीति लिइने छ ।

**ग) पर्यटन :**

- पर्यटन प्रबर्द्धनका वारेमा विज्ञहरुबाट संक्षिप्त अध्ययन गराईने छ ।
- विभिन्न सञ्चार माध्यमहरुको प्रयोग गरी नगरपालिका क्षेत्र भित्र रहेका पर्यटकिय स्थलहरुको प्रचार प्रसार गरिने छ ।
- विशेष पर्यटकिय स्थलहरुको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार गरिने छ ।
- पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आव्हान गरिने छ ।
- पर्यटकिय महत्वका स्थानहरुमा आवागमन सहज वनाउन सडक, पदमार्ग आदि निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्दन गर्ने व्यवस्था गरिने छ ।
- परम्परा देखि लाग्दै आएका ठूला मेलाहरुको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाईने छ ।
- विभिन्न धार्मिक सम्पदा तथा तीर्थस्थलहरुलाई व्यवस्थापकीय सुधार गरी दिगो रुपमा सञ्चालन गरिने छ ।

**घ) सहकारी :**

- शहकारीको मूल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आय आर्जन गरी गरिवी न्यूनिकरण गर्न नगरपालिकाले आवश्यक नीति तथा कानुन वनाई कार्यान्वयन गरिने छ ।
- उप मेयर शहकारी बचत तथा लगानीमा जोड दिइने छ ।
- महिला सहकारीमा प्राथमिकता तथा निरन्तरता दिइने छ ।
- शहकारीबाट प्राप्त ऋणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न नगरवासीहरुलाई प्रोत्साहित गरिने छ ।

**ङ) वित्तिय पुंजि विकास** :

- वित्तिय वचत तथा परिचालनमा जोड दिइने छ ।
- सामाजिक पुंजि परिचालनमा अध्ययन गरिने छ ।
- बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धि मुलक बनाउन र बैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पुंजि तथा अनुभवलाई उत्पादनमुलक क्षेत्रमा परिचालनको लागि प्रोत्साहित गरिने छ ।

**२) सामाजिक विकास :**

**क) स्वास्थ्य :**

- नगरवासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न, स्वास्थ्य संस्थाहरु सुदृढीकरण, नगर

अस्पताल संचालन र स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालनको लागि नगर स्वास्थ्य नीति तयार गरी लागु गरिने छ।

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य वीमा कार्यक्रम लागु गरिने छ।
- सर्ने/नसर्ने रोगहरुका वारेमा प्रबर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु संचालन गरिने छ।
- नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा तोकिएका संख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुंच विस्तार गरिने छ।
- गुणस्तरीय एवं स्वास्थ्य प्रबर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनिकरण गरिने छ।
- मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ।
- "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइने छ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व बाल तथा शिशु स्वास्थ्य सेवाहरु संचालन गरिने छ।
- निजी र गैर सरकारी क्षेत्रमा स्थापित स्वास्थ्य सम्बन्धि व्यवसायिक संघ संस्थाहरु वीच स्वास्थ्य सेवा प्रवाह अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई वढावा दिइने छ।
- नगरपालिका क्षेत्र भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसावारीको व्यवस्था गरिने छ।
- पोषण सुरक्षा सम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।
- केही बिद्यालयहरुमा नर्सीङ सेवा उपलब्ध गराइने छ।
- नगरपालिको मातहतमा रहेका सामुदायिक स्वास्थ्य इकाई एवं सेवा केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रहरु र बर्थिङ सेन्टरको लागि आवश्यक पर्ने अत्याआवश्यक औषधी तथा अन्य सामानहरुको अभाव नहुने गरी व्यवस्था गरिने छ।
- गर्भवती महिला तथा वालवालिकाहरुको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिने छ।
- मुटु रोग, मृगौला रोग, एच.आई.भी. एड्स, क्यान्सर जस्ता दीर्घ रोग लागेका व्यक्तिहरुलाई विगतमा झै दिइदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइएको छ।
- नगरपालिका अन्तर्गत रहेका विभिन्न वस्तीमा वसोवास गर्ने जेष्ठ नागरिकहरुको नियमित चेकजाँच गर्न घर दैलो जेष्ठ नागरिक उपचार शिविर सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिने छ ।
- जटिल प्रकारका क्षयरोगीहरु (DR/XDR) लाई समयमै पहिचान तथा व्यवस्थापनको लागि पहल गरिने छ ।
- ६० वर्ष पूरा भई सेवा प्रदान गर्न नसक्ने महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सम्मान सहित विदाई गरिने छ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन कण्डम, पिल्स, डिपो, इम्प्लान्ट र IUCD हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।
- सेवाग्राही मैत्री परिवार नियोजन सेवा प्रदान गरिने छ ।
- समयानुकूल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ र माहामारी पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाई लागु गरिने छ ।
- नगरपालिकामा नगर बस र एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक पहल गरिने छ ।

**ख) शिक्षा :**

- जयपृथ्वी नगरपालिकामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न १० बर्षे शैक्षिक योजना बनाई कार्यान्वयनको लागि आवश्यक पहल गरिने छ ।
- शिक्षा र रोजगारी विच तादाम्यता कायम गर्न प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता दिई प्रोत्साहन गरिने छ ।
- प्रारम्भिक वाल कक्षामा अध्ययनरत वालवालिकाहरुको शारिरीक, मानसिक, बौद्धिक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई व्यवस्थापन, शैक्षिक सामाग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको नक्साङ्कन शिक्षक विद्यार्थी अनुपात, तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरी विद्यालय समायोजन एकिकरण, कक्षा थप, घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दि मिलानको कार्य गरिने छ ।
- नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धिका लागि तालिम, विद्यालयको भौतिक संरचनामा सुधार, शैक्षिक तथा प्रशासनिक व्यवस्थापनको माध्यमद्वारा गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक कार्यक्रमहरु संचालन गरिने छ ।
- एक विद्यालय एक फुलवारी कार्यक्रम संचालनका लागि विद्यार्थीहरुको सहभागितामा वाल बगैचा निर्माण अनुदानको व्यवस्था गरिने छ ।

- नगरपालिका स्थित संचालित सामुदायीक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक कार्यक्रममा एकरुपताका लागि नगरमा शैक्षिक क्यालेन्डर निर्माण गरि लागु गरिने छ ।
- नगर स्तरमा स्थापना भई संचालित किशोर किशोरी मैत्री सुचना केन्द्रलाई थप विस्तार गरिने छ ।
- विद्यालयमा वालक्लव गठन तथा परिचालन गरी काम कर्तव्य र अधिकार सम्बन्धि अभिमुखीकरण, पूर्ण विद्यार्थी समाजको गठन र मितेरी विद्यालय कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- विद्यालयहरुमा महिनावारी स्वच्छता तथा सरसफाईका लागि छात्राहरुलाई स्यानेटरी प्याड निर्माण गर्न तालिमका कार्यक्रम संचालन गर्नुका साथै निःशुल्क स्यानेटरी प्याडको वितरण गरिने छ ।
- विद्यालयहरुले प्रक्रियामा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एकआपसमा आदान प्रदान गर्न गराउन प्रोत्साहित गरिने छ । साथै शैक्षिक अनुभव आदान प्रदानका लागि अन्तर विद्यालय, अन्तर पालिका र अन्तर जिल्ला शैक्षिक अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरी प्रतिस्पर्धी, गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सिर्जना गरिने छ ।
- विद्यालयको शिक्षण सिकाईमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मुल्यांकन र पृष्ठपोषण प्रणालिको विकास गरिने छ ।
- महिला शिक्षक सुत्केरी विदामा रहदा स्वयम शिक्षक वा सट्टा शिक्षकको व्यवस्था गरिने छ ।
- स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम संचालन गरिने छ ।
- गरिव तथा आर्थिक रुपमा विपन्न वालवालिकाहरुलाई पोशाक, शैक्षिक सामाग्री तथा खाजा भत्ताको व्यस्था गरिने छ ।
- संघीय शैक्षिक कार्यक्रम, प्रादेशिक शैक्षिक कार्यक्रम र स्थानीय तहमा संचालित शैक्षिक कार्यक्रमको प्रभावकारी संचालन तथा कार्यान्वयनका लागि नियमित प्र.अ. तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष बैठक संचालन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- नगर स्तरमा स्थापना भई संचालित किशोर किशोरी मैत्री सूचना केन्द्रलाई थप विस्तार गरिने छ  र वाइफाई जडान कार्य बिस्तार गरिने छ ।
- पाठ्यक्रम प्रवोधिकरण तथा विद्यालयको तथ्यांक IEMIS सम्बन्धी अभिमुखिकरण कार्यक्रम सामुदायिक तथा संस्थागत विद्यालयहरुमा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

- वालविकास केन्द्रका शिक्षक र आधारभूत तहका दरबन्दि कम भएका विद्यालयका शिक्षकलाई वहु कक्षा वहुवर्ग शिक्षण सम्बन्धी तालिम संचालन गरिने छ ।
- विद्यालयमा वालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिने छ ।
- नगरपालिकामा प्राविधिक जनशक्तिको अध्ययन गरि आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसार ९-१२ को प्राविधिक धार संचालन गरिने छ ।
- सामुदायिक विद्यालायहरुको शैक्षिक गुणस्तर बृद्धि गरी प्रतिस्पर्धी बनाईने छ ।
- प्रत्येक विद्यालयमा खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिकाको आवश्यकताको पुर्ति तथा शैक्षिक विकासका लागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, वहुप्राविधिक शिक्षालय र वहु संकाय क्याम्पस स्थापनाको पहलका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- जयपृथ्वी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट SEE पास गरी MBBS कोर्ष पढ्ने विपन्न असहाय एक जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नको लागि छात्रवृत्ति कोषको स्थापना गरी बजेट वियोजन गरिएको छ ।

**ग) खानेपानी तथा सरसफाई :**

- नगरपालिका क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरुको संरक्षण गरिने छ ।
- एक घर एक धारा कार्यक्रम लागु गरिने छ ।
- खानेपानीका मुहान दर्ता प्रक्रियालाई अगाडी बढाईने छ ।
- विद्यमान तथा बैकल्पिक खानेपानीका श्रोतहरुको प्राविधिक टोलीबाट मुल्यांकन गराइने छ
- चैनपुर बजारमा यसै आ. व. भित्र सार्वजनिक शौचालयको व्यवस्था गरिने छ ।
- आधाभूत खानेपानीको पहुंच बृद्धिको लागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भाव्यता अध्ययन गरिने छ ।
- आवश्यकता अनुसार पानी शुद्धिकरण प्रक्रियाको लागि संरचना निर्माण गरिने छ ।
- व्यवस्थित खानेपानीको रेखदेख र संचालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको क्षेत्र भित्र रहेका मुहानहरुको पानी पिउन योग्य भए नभएको सम्बन्धमा पानी विज्ञ टोलीहरुबाट परिक्षण गरिने व्यवस्था मिलाईने छ ।
- नगरपालिकाको मुटुको रुपमा रहेको चैनपुर बजारमा बग्ने पानीका नालाहरुलाई व्यवस्थित गर्न आवश्यक पर्ने बजेट विनियोजन गरिने छ ।
- नगरपालिका भित्र रहेको चैनपुर लगायत वरपर बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि सुरक्षित र भरपर्दो सेनेटरी ल्याण्ड फिल्ड साइडको खोजी गरिने छ ।

- ➢ जयपृथ्वी नगरपालिका भित्र आवश्यकताको आधारमा ढलनिकास संरचनको निर्माण गरिने छ ।
- ➢ चैनपुर बजारको सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माणको लागि बजेटको व्यवस्था गरिने छ ।
- ➢ निर्माण भएका शौचालयहरुको समुचित प्रयोग वारे अनुगमन गरिने छ ।
- ➢ हरेक घरबाट निस्कने कुहिने प्रकृतीका फोहोरमैलाबाट कम्पोष्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिने छ ।
- ➢ घरबाट निस्कने पानीलाई संकलन गरी करेशावारीमा उपयोग गर्न प्रेरित गरिने छ ।
- ➢ सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- ➢ पानीको गुणस्तर बढाउन निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिने छ ।
- ➢ फोहोरमैला व्यवस्थापनको गुरुयोजना बनाइने छ ।

**घ) युवा तथा खेलकुद :**

- ➢ एक कार्यविधी निर्देशिका पास गरी नगर खेलकुद बिकास समिती गठन गरिने छ ।
- ➢ खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकामा सुविधा सम्पन्न कवर्ड हलको निर्माण तथा प्रत्येक वडाको कम्तिमा एउटा विद्यालयमा खेलमैदान र अन्य पूर्वाधारको विकास गर्न पहल चालिने छ ।
- ➢ सबैका लाीग खेलकुद अभियानलाई अगाडी बढाईने छ ।
- ➢ सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिने छ ।
- ➢ नगर प्रमुख खेलकुद कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ➢ खेलकुद सम्बन्धि विभिन्न क्लवहरुको स्थापना तथा प्रभावकारी संचालन मार्फत युवाहरुको नेतृत्व र व्यक्तित्वको विकास गरिने छ ।
- ➢ युवाहरुलाई परिवार र समाज प्रति जिम्मेवार गराईने छ ।
- ➢ वातावरण संरक्षण र दीगो विकासको युवा सहभागितालाई प्राथमिकता दिइने छ ।
- ➢ परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनीकिकरण र व्यसायिकरण गर्न युवाहरुलाई प्रोत्साहन गरिने छ ।
- ➢ खेलकुदमा युवाहरुको सहभागिता बृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- ➢ स्थानीय स्तर देखि प्रतियोगीता संचालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिने छ ।
- ➢ लोपोन्मुख रैथाने खेल उत्थान तथा विकासका लागि आश्यक व्यवस्था गरिने छ ।

- खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।

**ङ) सामाजिक सुरक्षा :**

- बैकिङ्ग प्राणाली मार्फत वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता प्रदान गरिने छ ।
- लक्षित वर्ग, अपाङ्ग, महिला, दलित, वालवालिका, जेष्ठ नागरिक, विपन्न, जनजाती तथा पिछडिएको वर्गको सशक्तिकरणको लागि विशेष कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामुलक अभियान चलाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- सामाजिक धार्मिक सांस्कृतिक कुरीति बिरुद्धको अभियानलाई अझै सशक्त बनाइने छ ।
- सामाजिक सुरक्षा सम्बन्धि आवश्यक कानुनी दस्तावेज तयार गरिने छ ।
- हिंसा पिडित शारिरीक रुपले अशक्त, अपांगता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरुका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- लक्षित वर्ग प्रति संवेदनशिल बनाई जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- सामाजिक विकृती, कुरिती, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरु न्यूनिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- अपांग र लैङ्गिक मैत्री संरचना निर्माण गरिने छ ।
- मर्यादीत जीवन वारे सचेतनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- जनयुद्ध / जनआन्दोलनका शहिद परिवार,घाईते,अपांग र बेपत्ता परीवारहरुलाई राहत उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- नगरपालिका भित्रका लागु औषधको कुलतमा लागिरहेका युवाहरुलाई लागु औषध सेवन गर्न रोक्न, सेवन गरी रहेकाहरुलाई पहिचान गर्न, लतमा परेकाहरुलाई पहिचान गर्न र लतमा रहेकाहरुलाई उपचार गर्न तथा यसबाट प्रभावित परिवार, शिक्षक , जनप्रतिनिधी, सिभिल सोसाईटीलाई अभिमूखीकरण तालिम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**महिलातर्फः**

- महिला बर्गको हकहित संरक्षण र उत्थानको लागी आवश्यक निर्देशिका पारित गरी महिला विकास समिती गठन गर्न रकम विनियोजन गरिएको छ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङग, दलित-लक्षित कार्यक्रम सन्चालन गरि लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण नीति, हानिकारक चलन

अन्त्य गर्ने नीति र लैंगिक उत्तरदायी (महिला मैत्री) बजेटलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- लैंगिक तथा महिला हिंसा, बालविवाह, छाउपडी प्रथा जस्ता सामाजिक कुरीतिहरु प्रति शुन्य सहनशिलताको नीति अख्तियार गरी सबै वडा बस्ती र गाउँ तहमा सामाजिक अभियानका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक तथा महिला हिंसाबाट प्रभावितलाई उपचार, मनोसामाजिक परामर्श, खाना वस्न, न्याय प्रकृयामा सहयोग गर्न महिला सुरक्षित आवासगृह र अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्रको निरन्तर संचालन र व्यवस्थापन गरिनेछ ।
- लैंगिक तथा महिला हिंसा अन्त्य गर्न ११ वटै वडाहरुमा सामुदायिक मनोसामाजिक कार्यकर्ताहरु निरन्तर परिचालन गरि हिंसा प्रभावितको प्रतिकार्यका लागि प्रभावितको पहिचान, प्राथामिक मनोसामाजिक सहायता, आवश्यक अन्य सेवाहरुका लागि प्रेषण गरी हिंसा प्रभावित महिलालाई सहयोग पुरयाइनेछ र लैंगिक तथा महिला हिंसा रोकथाम गर्न विवाहित जोडी र उनका परिवारका सदस्यहरुलाई लैंगिक मूल्य मान्यता र व्यवहार परिवर्तन संवाद र किशोरकिशोरीका लागि रुपान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- महिला हिंसा पीडितका लागि न्याय, उपचार र राहात सहयोग गर्नका लागि महिला हिंसा निवारण कोष संचालन र परिचालन गरिनेछ ।
- महिला हिंसा अन्त्यका लागि तयार गरिएको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७८ र हानिकारक चलन अन्त्य गर्ने नीति २०७८ लाई कार्यान्वयन गर्दै यस नगरपालिकाका टोल तथा वडाहरुलाई क्रमश लैङ्गिक तथा महिला हिंसा मुक्त टोल तथा वडा घोषण गरिने छ ।
- महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने बहु क्षेत्रिय पोषण योजना कार्यान्वयनलाई प्राथमिकतामा राखिनेछ ।
- महिलाहरुलाई सार्बजनिक सेवामा प्रबेश गराउन लागि क्षमता बिकास र उपयुक्त तालिम प्रदान गरिने छ ।

**२) बालबालिका र किशोरीतर्फः**

- बाल विवाह अन्त्यका लागि नगर रणनैतिक कार्ययोजना २०७९ तयार गरी कार्यान्वयन गर्दै यस नगरपालिकालाई बाल विवाह अन्त्य गर्न बाल विवाह मुक्त टोल तथा वडा घोषण गरिने छ ।
- प्रत्येक वडामा बाल क्लब, किशोरी समुह तथा सञ्जाल गठन तथा पुनरगठन गरी परिचालन गर्दै उनीहरुको सहभागिता र नेतृत्व विकास गरिनेछ ।
- बालिका तथा किशोर किशोरीको विकास, सशक्तिकरण र जीवन उपयोगी सीपका लागि किशोर किशोरी वित्तियसीप रुपान्तरण कक्षा संचालन गरिने छ ।
- अनाथ बालबालिकाको संरक्षणका लागि अनाथ बालआश्रम संचालन गरिनेछ ।

- बालमैत्रि स्थानीय सबै वडाहरु लागु गर्दै क्रमश वडाहरुलाई बालमैत्री वडा घोषणा गरिने छ ।

**३) जेष्ठ नागरिक तर्फः**

- जेष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जीवनका लागि परिचय पत्र वितरण, अभियान, तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- ५० देखि ६८ बर्षका अन्य सुविधा उपभोग नगरेका एकल पुरुष जेष्ठ नागरिकहरुलाई सम्मान गरिने छ ।

**४) अपाङ्गता तर्फः**

- फरक क्षमता भएका व्यक्तिहरुको मर्यादित जीवनका लागि अभियान, अपाङ्ग पहिचान गरी परिचय पत्र विवतरण तथा सरकारी कार्यालय, विद्यालयका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाइने छ ।

**५) दलित बर्ग तर्फ**

- दलित बर्गको बिकास र उत्थानको लागी एक निदेर्शिका कानुन पारित गरी आगामी आ ंव.मा एक दलति बिकास समिती गठन गर्न रकम बिनीयोजन गरीएको छ ।

**३) पूर्वाधार विकास :**

**क) सडक, पुल तथा यातायात**

- नगरपालिकाको क्षेत्र भित्र रहेका सबै सडक खण्डहरुको क्रमिक रुपमा स्तरोन्नती गर्दै लगिने छ ।
- वातावरण मैत्री सडकको विकास गरिने छ ।
- प्रमुख पर्यटकीय केन्द्र जोडने गरी यातायात पहुंच बढाउन सडक विस्तार गरिने छ ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय ठाउँहरुको प्रबर्द्धन गर्न पदमार्गहरुको निर्माण गरिने छ ।
- सडकमा बर्षै भरी निर्वाध यातायात संचालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तिब्रता दिइने छ ।

**ख) सिंचाई :**

- सिंचाई आयोजनाका मुहानहरुको संरक्षण गरिने छ ।
- सेती नदी लिफ्टीङ्ग सिचाईको लागि पहल गरिने छ ।
- कृषि योजना भूमिमा सिचाई, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्न जोड दिइने छ ।
- भान्छा करेसा सिचाइको थप विकास गरिने छ ।
- खेतीयोग्य जमीनमा सिचाईको पहुंचलाई निन्तरता प्रदान गरिने छ ।

- सिचाईका बैकल्पिक स्रोतहरुको विज्ञ सम्मिलित टोलिबाट सम्भाव्यता अध्ययन गरिने छ ।
- सिचाई नपुगेका कृषिजन्य क्षेत्रहरुको विवरण तयार गरी प्राथमिकताको सूचि तयार गरिने छ ।
- सिचाइको लागि प्राथमिकताको आधारमा जलाशय, पोखरी आदि संरचना तयार गरिने छ ।

**ग) भवन तथा शहरी विकास :**

- नगरपालिकामा भवन निर्माण तथा व्यवस्थित वस्तीहरुको लागि प्रभावकारी अध्ययन, अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी लागु गरिने छ ।
- भवन नभएका वडा कार्यालयहरुको (वडा नं. ४, ५ र ८) भवन निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- भू-उपयोग नीति तथा वस्ती विकास योजना तर्जुमा गरी लागु गरिने छ ।
- घर नक्सा ई-पासको थालनी गरिने छ ।
- भवन निर्माण राष्ट्रिय मापदण्डको अनिवार्य लागु गरिने छ ।
- घर अभिलेखिकरणलाई व्यवस्थित गरिने छ ।
- भौगोलिक हिसावले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारको लागि सुरक्षित वातावरण मैत्री सुलभ, आधाभूत सुविधा युक्त र मौलिक पहिचान वोकेको एकिकृत वस्ती निर्माण गरिने छ ।

**घ) सञ्चार :**

- ११ वटै वडामा संचार सुविधा सवल बनाईने छ
- संचार प्रविधिको विकास र विस्तारमा स्तरोन्नती गरिने छ ।
- संचार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाईने छ ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रबर्द्धन गर्न सहजीकरण गरिने छ ।
- नगरपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरुप मोबाइल टावरको विस्तार गर्न पहल गरिने छ ।
- सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृती तथा मौलिकताको संरक्षण गरिने छ ।
- **ङ) बैकल्पिक उर्जा तथा साना जलविद्युत :**
- जयपृथ्वी नगरपालिकामा विद्युत जडान गर्न र मर्मत संभार गर्ने कार्यको लागि तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ ।
- जयपृथ्वी नगरपालिकाको वडा नं. १ मा संचालित लघु जलविद्युत आेजना २०७८ कार्त्तिकमा आएको बाढीले बगाएको हुंदा सो को पुनः निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- सडक बत्ती विकासलाई निरन्तरता प्रदान गरिएको छ ।

- राष्ट्रिय विद्युत प्रशारण लाईनलाई सूइल, वारिल, पुंगर, ग्वानी, सल्याना, सुर्केमेला लगायतका क्षेत्रमा थप विस्तार गर्न पहल गरिने छ ।
- नगरपालिकामा उर्जाको स्रोत पहिचान, कुल सम्भाव्य, जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिने छ ।
- उत्पादित उर्जा वर्तमान र भविश्यको माग र आपूर्तिको तथ्यांक संकलन गरी डाटावेस तयार गरिने छ ।
- निर्माण सम्पन्न भई संचालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत संभार र संस्थागत विकास गरिने छ ।
- सार्वजनिक स्थानहरु जस्तै अस्पताल, विद्यालय, धार्मिक स्थल, सडक, पर्यटकिय स्थल आदिमा आधारभूत उर्जाको नियमित आपूर्ति गर्न सौर्य उर्जा जडान गरिने छ ।
- कृषि तथा अन्य क्षेत्रबाट निस्कने फोहोर जन्य बस्तुबाट वायो ग्याँस तथा प्रांगारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिने छ ।
- सिचाई तथा खानेपानीको पहुंच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य उर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको संचालन गर्न पहल गरिने छ ।
- जलविद्युल, बैकल्पिक उर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइने छ ।

**४) वन, वातावरण तथा विपद व्यवस्थापन :**

**क) वन वातावरण**

- स्थानीय जनतालाई वनको महत्व र यसका फाइदा वारे जानकारी गराइने छ ।
- वन भित्रका ढलेका तथा सुकेका रुखहरु विक्री वितरणको व्यवस्था गरिने छ ।
- वन नर्सरी स्थापना गरिने छ ।
- वनको सीमा निर्धारण गरी तारवार गरिने छ ।
- खाली भू-भागमा बृक्षारोपण गरिने छ ।
- स्थानीय जनतालाई फलफुलका विरुवाहरु वितरण गरिने छ ।
- तालिम, गोष्ठी अध्ययन भ्रमण आदीका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरिने छ ।
- जडिबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिने छ ।
- व्यवसायिक मुल्य भएका जडीबुटी लगायतका बोट विरुवाहरुको व्यापक बृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइने छ ।
- छाडा चरिचरन, वन फडानी गरी वस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरुलाई पूर्ण बन्देज लगाई दण्ड जरीवानाको व्यवस्था गरिने छ ।
- वनजन्य उद्योगको विकास र व्यवसायिकरणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

- फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण गर्न जयपृथ्वी नगरपालिकाको ११ वटै वडाहरुको प्रत्येक टोल टोलमा कम्तिमा ५ जना भन्दा बढी सदस्यहरु रहने गरी वातावरण संरक्षण टोल विकास समिति गठन गरिने छ ।
- वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी वातावरण तथा जलवायु परिवर्तन वारे जनचेतना अभिबृद्धि गराइने छ ।
- जयपृथ्वी नगरपालिकालाई वातावरण मैत्री नगरको रुपमा विकास गरिने छ ।

**ख) विपद व्यवस्थापन :**

- जयपृथ्वी नगरपालिकाका अति जोखिम वस्तीहरुको पहिचान गरी व्यवस्थित गर्नको लागि यसै आ.व. देखि नै जोखिम संवेदशिल भू-उपयोग योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याइने छ ।
- विपद जोखिम क्षेत्र र वस्तीहरुको संकटासन्नताको पहिचान र नक्सांकन गरिने छ ।
- भू-क्षय भएका स्थानहरुमा स्थानीय जनताको सहकार्यमा बृक्षारोपण गर्ने र सो को संरक्षण गरिने छ ।
- भू-क्षय तथा जल उत्पन्न प्रकोपबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न आवश्यक तटबन्धनको व्यस्था गरिने छ ।
- सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गरि विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले अगाडी बढाईने छ ।
- विपद व्यवस्थापनको लागि आवश्यक लत्ता कपडा, खाद्यान्न लगायतको अन्य आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।
- विपद व्यवस्थापन सम्बन्धि गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरु संचालन गरिने छ ।
- विपद जोखिम पूर्व तयारी र जोखिम न्यूनिकरणमा स्थानीय क्षेमता अभिबृद्धि गरिने छ ।
- विपद सम्बन्धि जोखिम तथा प्रकोप वारे जानकारी एवं तथ्यांक अध्यावधिक गर्न विपद व्यवस्थापन इकाईहरु स्थापना गरिने छ ।
- असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण र व्यवस्थापन गर्दै लगिने छ ।
- प्रत्येक वडामा विपद पूर्व, विपदकालिन र विपद पछिका कार्य व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइने छ र नगर क्षेत्र भित्रका नागरिकहरुलाई रोगको महामारीबाट बचाउन तथा रोगको रोकथाम गर्ने कार्यको लागि स्थापना भएको विपत व्यवस्थापन कोषमा बजेट विनियोजन गरिने कार्यलाई निरन्तरता दिइएको छ ।

- स्थानीय विपद उत्थानशिल योजना बनाई यसै आ.व. देखि क्रमशः कार्यान्वयनमा ल्याईने छ ।

**५)सुशासन तथा संस्थागत विकास :**

- जयपृथ्वी नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि Local Government Institutional Self Assessment (LISA) गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- जयपृथ्वी नगरपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको हितलाई ध्यानमा राखि कर्मचारी कल्याण कोषको व्यवस्था गरी आवश्यक रकम विनियोजन गरिएको छ ।
- आ.व. २०७९/०८० को श्रावण महिना देखि नै अस्थायी र करारमा कार्यरत ( १० (दश) वर्ष भन्दा बढी अविछिन्न रुपमा सेवा गरेका) प्रत्येक कर्मचारीहरुले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी कोषमा जम्मा गरिने र अवकाश हुँदा सो रकम उपलब्ध गराईने छ । कर्मचारी कल्याण कोषको रकम अन्य प्रयोजनको लागि खर्च गरिने छैन ।
- स्थानीय शासन प्रणाली अनुरुप प्रशासन संयन्त्रको पुनसंरचना गरिने छ ।
- सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सिमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिने छ ।
- जनताको गुनासो सिधै नगर प्रमुख सँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारवाही र जानकारीको सुनिश्चितता गरिने छ ।
- गुनासो सुनुवाई संयन्त्र र सूचना अधिकारीको भूमीकालाई प्रभावकारी तुल्याइने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तिय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिने छ ।
- वेरुजुलाई सार्वजनिक गरिनुका साथै वेरुजुको प्रकृतिको आधारमा कार्यसम्पादन मुल्यांकन सँग आवद्ध गरिने छ ।
- सेवा प्रवाहलाई जनमैत्री र सेवामुलक वनाउन नागरिक वडापत्र राखिने छ ।
- सार्वजनिक उत्तरदायी संयन्त्रहरु (सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन आदि) लाई प्रभावकारी र नियमित गराईने छ ।
- नगरपालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अध्यावधिक प्रगति र जनसरोकारका निर्णयहरु वैबसाइट मार्फत नियमित रुपमा सार्वजनिक गरिने छ ।

- सेवा प्रदायक प्रति नागरिकहरुको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइने छ । यस कार्यमा तेश्रो पक्ष मुल्यांकन प्रणाली समेतको अवलम्वन गरिने छ ।
- अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाई भोगी रहेका जनतालाई सेवा पुऱ्याउन एकिकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाईने छ ।
- नगरपालिका तथा वडा कार्यालयहरुको वार्षिक खरिद योजना तयार गरिने छ ।
- कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्तमा खर्च गर्ने प्रवितिलाई निरुत्साहित गरिने छ ।
- खरिद एकाइलाई प्रभावकारी बनाइ खरिद योजना बमोजिम विकास आयोजनाहरुको कार्यान्वयन निर्धारित समय भित्रै गर्ने व्यवस्था मिलाइने छ ।
- रु. ३ लाख भन्दा बढीका आयोजना, कार्यक्रम कार्यान्वयन गर्दा स्पष्ट रुपमा देखिने गरी सूचना पाटी राख्ने व्यवस्थालाई कडाइकासाथ लागु गरिने छ ।
- स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागीता मुलक वनाइदै स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभूती गराईने छ ।
- न्यायिक समितिलाई सक्षम र सवल बनाउन क्षमता विकास मुलक कार्यक्रम संचालन गरिने छ र न्यायिक समितिलाई स्रोत साधन सम्पन्न बनाईने छ ।
- यस नगरपालिकाको कार्यालयमा दरबन्दी अनुसार सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य दक्षता, लगनशिलता, क्रियाशिलताको कार्यशैली हेरी पुनरावलोकन गरी उपलब्ध स्रोत, साधन, औचित्यता र आवश्यकताको आधारमा मात्र करार सम्झौता नविकरण गरिने नीति लिइएको छ ।
- आ.व. २०७९/०८० को प्रारम्भ देखि नै सबै कर्मचारीहरुको कार्यसम्पादन सम्झौता तयार गरी लागु गरिने छ ।
- नगरपालिकाबाट लिइने कर, राजश्व, शुल्क आदिलाई व्यवस्थित र नियमन् गरिने छ ।
- नगर प्रहरीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था मिलाईने छ ।
- नगरपालिका क्षेत्र भित्र रहेको चैनपुर बजारको संवनेदशिल क्षेत्रहरुमा सी.सी. क्यामरा जडानको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

# अध्यक्ष महोदय,

अव म यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को प्राप्त बजेट सिलिङ्ग तथा नगरपालिकाको अनुमानित आम्दानीको आधारमा वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि रु. ५५ करोड २९लाख ८१ हजार को बजेट प्रस्तावित गरिको छ । जस मध्ये संघीय सरकारबाट सर्शत अनुदान अन्तर्गत रु.२५ करोड ७० लाख, समानीकरण अनुदान अर्न्तगत १४ करोड ३ लाख राजश्व बाडफाँड अन्तर्गत रु. ९ करोड ५७ लाख २ हजार विशेष अनुदान अर्न्तगत रु. १ करोड ६० लाख समपुरक अनुदानमा रु. १ करोड ३० लाख गरि जम्मा ५२ करोड २० लाख ३२ हजार र प्रदेश सरकारबाट समानीकरण अनुदान अन्तर्गत रु १ करोड २ लाख ९ हजार, राजश्व बाँडफाड अन्तर्गत रु २१ लाख ३० हजार , विशेष अनुदान अन्तर्गत रु २५ लाख , समपुरक अनुदान अन्तर्गत ४८ लाख गरी जम्मा १ करोड ९६ लाख ३९ हजार तथा नगरपालिकाको आन्तरिक स्रोतबाट रु ९९ लाख ६० हजार र अन्य दातृ निकाय संघ संस्थाबाट रु १ करोड १३ लाख १० हजार प्रस्तावित गरिएको छ ।
प्रस्ताव गरिएका बजेट खर्च गर्ने सम्बन्धि बिस्तृत बिवरण अनूसुचिमा संलग्न छ ।

**अध्यक्ष महोदय**

खर्चका लागि प्रताव गरिएको शिर्षकगत बजेटको विस्तृत प्रस्तावित योजना तथा कार्यक्रमहरुको सफलता प्रभावकारी कार्यान्वयनमा भर पर्दछ । तसर्थ प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रभावकारी तथा ब्यवस्थित कार्यान्वयनमा यस न पा अन्तर्गतका सम्पूर्ण राजनितीक दल ,नागरीक समाज, स्थानीय बुद्धीजिवी, नगरबासी सम्पुर्ण दाजुभाइ दिदी बहिनीहरु र कर्मचारीहरुको उल्लेख्य सहयोग रहनेछ भन्ने अपेक्षा लिइएको छ ।

अन्त्यमा, बजेट तर्जुमाको दौरानमा अमुल्य सहयोग गनुहुने सम्पुर्ण टोल बासीहरु, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्युहरु , बिभिन्न समितिका सदस्य ज्युहरु, बिषय क्षेत्रगत समितिका सदस्य ज्युहरु नगरपालिकाका सबै सदस्य ज्युहरु र नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु लगायत नीति कार्यक्रम तथा बजेट निर्माणमा मार्गदर्शन गर्नु हुने नगरप्रमुख ज्यू लाई हार्दिक धन्यवाद ब्यक्त गर्दै मेरो प्रस्तुती अन्त्य गर्दछु । धन्यवाद !

<u>**प्रस्तुतकर्ताः**</u>

रतन बहादुर सिंह
नगर उप-प्रमुख

# धन्यवाद